प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

२०७८/०३/२०



# शुभकामना

प्रदेशभित्रका नागरिकलाई सर्वसुलभ र उच्च गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सदैब प्रतिवद्ध छ। जनस्वास्थ्यको क्षेत्रमा रोग निदानमा उल्लेख्य योगदान गर्ने प्रयोगशाला सेवाको महत्व दिनानुदिन बढ्दो छ। सेवाको दायरा र सेवा प्रदायकहरु बढेसंगै सम्पूर्णलाइ एउटा प्रणालीमा समेटेर सेवा सन्चालनको मापदण्ड, गुणस्तर नियन्त्रण, स्तरोन्नति, नियमन र प्राविधिक सहयोग गर्ने हेतुले स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेशले "प्रदेशस्तरीय प्रयोगशाला सम्वन्धि प्रोफाइल" तयार गर्न लागेकोमा अत्यन्त खुसि लागेको छ। यस दस्तावेजले प्रदेशभित्रका स्वास्थ्य प्रयोगशालाहरुको आवश्यक विवरण एकीकृत गरेकोले नीति, योजना निर्माण तथा कार्यान्वयन गर्नका लागि योजनाकार, व्यवस्थापक, सेवा प्रदायक र सेवाग्राही सबैको लागि उपयोगी हुने अपेक्षा लिएको छु।
प्रदेशमा दुरदराजमा रहेका साना प्रयोगशाला देखि अत्याधुनिक प्रविधि अबलम्बन गरि संचालनमा रहेका प्रयोगशालासम्मको यथार्थ अवस्थाको चित्रण गरि आवश्यकता र प्राथमिकताका आधारमा सरकारी प्रयोगशालामा समेत उच्चस्तरीय प्रविधि र सेवा भिञ्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिबद्धता व्यक्त गर्दछ. निजि तथा गैह्रसरकारी प्रयोशालाहरुलाई समेत आवश्यक समन्वय, सहयोग र सहजीकरण गरि आम सर्वसाधारणको पंहुचमा गुणस्तरीय प्रयोगशाला सेवा पुर्याउन मन्त्रालय प्रशाशन तयार छ।

अन्त्यमा, संसारभर कोभिड-१९ को महामारी फैलिरहंदा यसको सुरुवातदेखि नै अग्रपंक्तिमा रहेर अहोरात्र सेवा प्रदान गर्दै यस विषम परिस्थितिमा देश र जनताको लागि पुर्याउनुभएको विशेष योगदानको लागि सम्पूर्ण प्रयोगशालाकर्मीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। प्रदेश जनस्वास्थ्य प्रयोगशालालाइ आफ्नो उदेश्यमा सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

डा. बिनोद बिन्दु शर्मा
सचिव
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश